राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३६ २०८३ असार २२ गते सोमवार (06 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## प्रतिपक्षीदलहरुद्वारा बजेट पुनर्लेखनको माग




दैनिक समाचारदाता
जनकपुरधाम, २१ साउन। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट संघीयताको मर्मविपरीत रहेको भन्दै प्रमुख प्रतिपक्षी दलहरूले प्रदेश सभामा टेबुल हुन नदिने चेतावनी दिएका छन्।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीले आइतबार जनकपुरधाममा संयुक्त पत्रकार सम्मेलन गर्दै बजेट रौतहट केन्द्रित, असन्तुलित तथा अव्यावहारिक रहेको आरोप लगाए। उनीहरूले बजेट पुनर्लेखनको मागसमेत गरेका छन्।

पत्रकार सम्मेलनमा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले बजेटमा एक करोड रुपैयाँभन्दा ठूला योजनाभन्दा पाँच लाख रुपैयाँसम्मका टुक्रे योजनाको बाहुल्य रहेको बताए। एउटै शीर्षकअन्तर्गत विभिन्न जिल्लाका लागि योजना राखिएकाले बजेट कार्यान्वयन गर्न कठिन हुने भन्दै उनले बजेट पुनर्लेखन गर्न सरकारसँग माग गरे।

उनले वर्तमान स्वरूपको बजेट कार्यान्वयन हुन नसक्ने दाबी गर्दै यसमा असन्तुलित वितरण र टुक्रे योजनाको बाहुल्य रहेको टिप्पणी गरे।

अर्का पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले बजेट संघीयताको भावना विपरीत आएको दाबी गर्दै यसको कार्यान्वयन चुनौतीपूर्ण हुने बताए। उनका अनुसार वर्तमान बजेट कमजोर र असन्तुलित भएकाले यसले संघीय व्यवस्थालाई नै बदनाम गर्ने काम गर्नेछ।

पूर्वमुख्यमन्त्री तथा जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादवले बजेट एक जिल्ला केन्द्रित भएकाले प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने बताए।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले वर्तमान बजेट संघीयताको मूल भावनाविपरीत रहेको आरोप लगाउँदै तीन दलीय गठबन्धन सरकारले ल्याएको यो बजेट कार्यान्वयन हुन नदिने चेतावनी दिए।

पूर्वअर्थमन्त्री संजयकुमार साहले ४९ अर्ब रुपैयाँको बजेट ल्याइए पनि त्यसको स्रोत सुनिश्चित नभएको दाबी गरे। प्रदेश सरकारले आन्तरिक राजस्वबाट ११ अर्ब रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको भए पनि त्यो यथार्थपरक नरहेको उनको भनाइ थियो। उनले प्रदेश सरकार कर्मचारीको सरुवा र बढुवामै केन्द्रित भएको आरोपसमेत लगाए।

प्रदेश सभा सदस्य उपेन्द्र महतोले पनि बजेट पूर्ण रूपमा एक जिल्ला केन्द्रित रहेको आरोप लगाउँदै वर्तमान स्वरूपमा आफूहरूले स्वीकार नगर्ने बताए। उनले बजेट पुनर्लेखन गर्नुपर्ने माग दोहोर्याए।

पत्रकार सम्मेलनमा पूर्वमुख्यमन्त्री सोनलले बजेटको विरोधमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समेत समर्थन रहेको जानकारी दिए।

## सरकारको परीक्षा अब कार्यान्वयनमा : उपेन्द्र यादव

दैनिक समाचारदाता
काठमाडौं, २१ साउन। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारको पहिलो १०० दिनलाई सुशासन र संस्थागत सुधारको प्रारम्भिक प्रयासका रूपमा मूल्याङ्कन गरेका छन्। उनले सरकारको वास्तविक परीक्षा अब नीति तथा निर्णयको प्रभावकारी कार्यान्वयन र त्यसबाट प्राप्त हुने परिणाममा निर्भर रहने बताएका छन्।

आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत सरकारको सय दिनको समीक्षा गर्दै अध्यक्ष यादवले सरकारको प्रारम्भिक कार्यकाल सुशासन सुधार, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक पुनर्संरचना तथा राज्य संयन्त्रलाई प्रभावकारी बनाउने प्रयासमा केन्द्रित रहेको उल्लेख गरेका छन्।

उनले ठूला लोककल्याणकारी कार्यक्रमभन्दा शासन प्रणाली सुधार र संस्थागत परिवर्तनलाई प्राथमिकतामा राखेर सरकार अघि बढ्नु सकारात्मक पक्ष भएको बताएका छन्।

यद्यपि, अहिले नै सरकार सफल वा असफल भएको निष्कर्ष निकाल्नु हतार हुने उनको भनाइ छ। सरकारका नीति, सुधार र निर्णय कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् तथा त्यसले नागरिकको दैनिक जीवनमा कस्तो परिवर्तन ल्याउँछ भन्ने आधारमा मात्र दीर्घकालीन मूल्याङ्कन गर्नुपर्ने यादवको धारणा छ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका यादवले नेपालको विगतबाट पाठ सिक्नु अहिले झनै आवश्यक रहेको उल्लेख गर्दै इतिहासमा पटक(पटक उही कमजोरी दोहोरिएको टिप्पणी गरेका छन्।



उनले राजतन्त्रको शान्तिपूर्ण अन्त्यसँगै नेपाल समावेशी, धर्मनिरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको र त्यसबेला 'नयाँ नेपाल' निर्माणप्रति जनतामा ठूलो आशा जागेको स्मरण गरेका छन्। तर ती अपेक्षा र उपलब्धि पूर्ण रूपमा पूरा हुन नसकेको उनको निष्कर्ष छ।

नेपाल अझै पनि लामो राजनीतिक संक्रमणबाट पूर्ण रूपमा मुक्त हुन नसकेको उल्लेख गर्दै परिवर्तनको पक्षमा उभिएका नागरिक नै अहिले सबैभन्दा बढी निराश बनेको उनले बताएका छन्।

शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, लोकतान्त्रिक संस्थाको सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण, सुशासन, रोजगारी, आर्थिक व्यवस्थापन तथा

बाँकी पृष्ठ ४मा

## प्रहरी बनेर १५ लाख ठगी



दैनिक समाचारदाता
काठमाडौं, २१ साउन। प्रहरी हुँ भन्दै सर्वसाधारणलाई ठगी गरेको आरोपमा एक महिला पक्राउ परेकी छन्।
पक्राउ पर्नेमा इलाम नगरपालिका(१० निवासी ३३ वर्षीया दीपिका बोहोरा (तामाङ) रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।
कार्यालयका अनुसार उनले आफू नेपाल प्रहरीको असई (सहायक निरीक्षक) भएको परिचय दिँदै असईको पोसाकसमेत लगाउने गरेकी थिइन्। सोही पोसाकमा खिचिएका तस्वीर देखाएर विभिन्न आश्वासन दिँदै पीडितबाट ई(सेवा तथा मोबाइल बैंकिङ एपमार्फत पटक(पटक गरी कुल १५ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोप छ।
काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक (एसपी) शरदकुमार थापा क्षेत्रीका अनुसार गोंगबुबाट पक्राउ परेकी बोहोरालाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## सशस्त्रका ५ एसपीको सरुवा





दैनिक समाचारदाता
काठमाडौं, २१ असार। सशस्त्र प्रहरी बलका पाँच एसपीको सरुवा भएको छ।
सशस्त्र हेडक्वाटरले एक सूचना निकाल्दै पाँच एसपीहरूको सरुवा गरेको हो। सरुवा सूचीअनुसार आईजीपी सचिवालयमा रहेका दयाराम शर्माको सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठानमा पठाइएको छ। आर्थिक प्रशासन निर्देशनालयमा रहेका व केसीको आईजीपी सचिवालयमा सरुवा गरिएको छ। सशस्त्र एकेडेमीमा रहेका राजकुमार ढकालको एपीएफ अस्पतालमा सरुवा भएको छ।एपीएफ अस्पतालमा रहेका गणेशबहादुर मल्लको भण्डार महाशाखामा सरुवा गरिएको छ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# पहिचान जोगाउने आधार

भाषा, साहित्य, कला र संस्कृति कुनै पनि समाजका केवल मनोरञ्जनका माध्यम होइनन्, ती समाजको इतिहास, पहिचान, सभ्यता र सामूहिक चेतनाका आधारस्तम्भ हुन् । कुनै पनि समुदायको अस्तित्वलाई दीर्घकालसम्म जीवित राख्ने शक्ति आर्थिक समृद्धिले मात्र होइन, आफ्नै भाषा, संस्कार र सांस्कृतिक सम्पदाको संरक्षणले पनि प्रदान गर्छ । त्यसैले मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणबिना समाजको समग्र विकास सम्भव नहुने अभिव्यक्ति दिएका छन्, जुन केवल औपचारिक भाषण नभई संघीय नेपालको मूल मर्मसँग जोडिएको विषय हो ।

नेपालको संविधानले भाषिक, सांस्कृतिक तथा जातीय विविधतालाई राष्ट्रको सम्पत्ति मानेको छ । संघीय शासन व्यवस्थाको प्रमुख उद्देश्य पनि स्थानीय पहिचान, भाषा, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्नु हो । तर संविधानले सुनिश्चित गरेका यी अधिकार व्यवहारमा अपेक्षाअनुसार कार्यान्वयन हुन सकेका छैनन् । विशेषगरी मधेशजस्तो बहुभाषिक र बहुसांस्कृतिक प्रदेशमा भाषिक तथा सांस्कृतिक संरक्षण अझै पनि पर्याप्त प्राथमिकतामा पर्न सकेको देखिँदैन ।

मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना यही उद्देश्यलाई संस्थागत रूप दिने प्रयास हो । प्रदेशका विभिन्न भाषा, साहित्य, लोककला, संगीत, नृत्य, संस्कार र सांस्कृतिक सम्पदाको संरक्षण तथा नयाँ प्रतिभाको विकासका लागि यस्तो संस्था अपरिहार्य हुन्छ ।  तर कुनै पनि संस्था केवल स्थापना गरेर मात्र प्रभावकारी बन्न सक्दैन । स्पष्ट नीति, पर्याप्त बजेट, सक्षम नेतृत्व र दीर्घकालीन कार्ययोजना बिना यस्ता प्रतिष्ठान औपचारिकतामा सीमित हुने खतरा रहन्छ ।

मधेश प्रदेशमा आर्थिक स्रोत सीमित भए पनि सांस्कृतिक क्षेत्रमा गरिने लगानीलाई खर्च होइन, भविष्यको लगानीका रूपमा बुझ्नुपर्छ । किनभने भाषा र संस्कृतिको क्षय भएपछि त्यसलाई पुनर्जीवित गर्न आर्थिक विकासभन्दा धेरै कठिन हुन्छ । संघीयता प्राप्तिको आन्दोलनमा भाषा, साहित्य, कला र संस्कृतिले महत्वपूर्ण भूमिका खेलेका थिए । पहिचानको आन्दोलनले नै संघीयताको आधार तयार गरेको थियो । यदि अहिले त्यही पहिचानका आधारहरू उपेक्षित भए भने संघीयताको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ । त्यसैले सांस्कृतिक क्षेत्रलाई केवल उत्सव वा औपचारिक कार्यक्रममा सीमित राख्ने प्रवृत्ति अन्त्य हुन आवश्यक छ ।

मधेश भाषिक विविधताको अनुपम भूमि हो । यहाँ मैथिली, भोजपुरी, बज्जिका, थारु, उर्दू, नेपालीलगायत दर्जनौं मातृभाषा बोलिन्छन्। यी सबै भाषाले मधेशको सांस्कृतिक सम्पदालाई समृद्ध बनाएका छन्। कुनै एउटा भाषा वा संस्कृतिलाई मात्र प्राथमिकता दिएर समावेशी समाज निर्माण सम्भव हुँदैन। सबै भाषा र संस्कृतिलाई समान सम्मान तथा विकासको अवसर उपलब्ध गराउनु नै संघीयताको वास्तविक अभ्यास हो।

त्यसैगरी कलाकार र स्रष्टाको सम्मान केवल पुरस्कार वितरणमा सीमित हुनुहुँदैन। उनीहरूको सामाजिक सुरक्षा, सिर्जनात्मक वातावरण, प्रकाशन, अनुसन्धान, अभिलेखीकरण, प्रशिक्षण र पुस्तान्तरणका लागि योजनाबद्ध कार्यक्रम आवश्यक छन्। नयाँ पुस्तालाई आफ्नै भाषा, लोकसाहित्य, लोकसंगीत र सांस्कृतिक सम्पदाप्रति आकर्षित गर्न विद्यालय तहदेखि नै सांस्कृतिक शिक्षालाई जोड दिनुपर्छ।

मधेश प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको 'नवप्रतिभा खोजी तथा सम्मान' कार्यक्रमले नयाँ पुस्तालाई प्रोत्साहन गर्ने सन्देश दिएको छ। यस्ता कार्यक्रम नियमित, पारदर्शी र प्रदेशव्यापी बन्न सके मात्र लुकेका प्रतिभा उजागर हुनेछन्। सम्मानसँगै सिर्जनाको अवसर, अनुसन्धानका परियोजना, प्रकाशन सहयोग र सांस्कृतिक संरक्षणका कार्यक्रम पनि समान रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ।

अन्ततः भाषा, साहित्य, कला र संस्कृति कुनै पनि प्रदेशको सौन्दर्य मात्र होइन, विकासको आत्मा हुन्। भौतिक पूर्वाधार निर्माणसँगै सांस्कृतिक पूर्वाधार निर्माणलाई पनि समान प्राथमिकता दिन सकिए मात्र समृद्ध र पहिचानयुक्त मधेश निर्माण सम्भव हुनेछ। अब आवश्यकता भाषणभन्दा बढी कार्यान्वयनको हो। मधेश सरकारले आफ्नो प्रतिबद्धतालाई ठोस नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यक्रममार्फत प्रमाणित गर्न सकेमा मात्र प्रदेशको मौलिक पहिचान सुरक्षित रहनुका साथै संघीयताको वास्तविक उद्देश्य पनि सार्थक हुनेछ।

# सुशासन र डेलिभरीको नयाँ यात्रा



कमल सुवेदी

'सरकारको मूल्याङ्कन उसका भाषणले होइन, नागरिकले अनुभूति गरेका परिवर्तनले हुन्छ।'

यही मान्यतालाई व्यवहारमा उतार्ने प्रयासका रूपमा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो सय दिनलाई राज्य सञ्चालनको नयाँ संस्कृतिको प्रारम्भका रूपमा स्थापित गर्ने प्रयास गरेको छ।

नेपालको लोकतान्त्रिक यात्राले सात दशकभन्दा बढी समय पार गरिसकेको छ। यस अवधिमा धेरै सरकार बने, धेरै प्रधानमन्त्री फेरिए, कैयौं नीति तथा कार्यक्रम सार्वजनिक भए, तर नागरिकको जीवनमा अपेक्षित परिवर्तन आउन सकेन। सरकार परिवर्तन भइरहे, तर शासन गर्ने शैली परिवर्तन भएन।

मन्त्रालय फेरिए, मन्त्री फेरिए, नीति फेरिए, तर सेवा लिन सरकारी कार्यालय धाउने नागरिकको पीडा उस्तै रह्यो। विकास आयोजनाहरू वर्षौंसम्म अधुरै रहे। भ्रष्टाचारविरुद्ध नाराहरू उठे, तर दण्डहीनताको संस्कृति कमजोर भएन। यही अनुभवले नागरिकमा राज्यप्रति निराशा, राजनीतिक नेतृत्वप्रति अविश्वास र सार्वजनिक संस्थाप्रति दूरी बढाउँदै लग्यो।

यही पृष्ठभूमिमा २०८२ फागुन २१ मा सम्पन्न आमनिर्वाचनबाट नेपाली जनताले नयाँ अनुहार मात्र रोजेका थिएनन्, उनीहरूले नयाँ शासनशैलीको खोजी गरेका थिए। जनादेशको मूल सन्देश स्पष्ट थियो- राजनीति अब सत्ताको प्रतिस्पर्धाभन्दा सेवा, सुशासन र परिणामको प्रतिस्पर्धामा रूपान्तरण हुनुपर्छ।

यस जनादेशलाई आत्मसात् गर्दै सरकारले २०८२ साल चैत १३ गते मन्त्रिपरिषद्बाट 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' स्वीकृत गर्‍यो। यो कार्यसूची सामान्य सरकारी कार्यक्रम मात्र थिएन। यसले सरकारको कार्यदिशा, प्राथमिकता र प्रशासनिक संस्कृतिलाई पुनर्परिभाषित गर्ने महत्त्वाकांक्षी खाका प्रस्तुत गर्‍यो।

प्रत्येक मन्त्रालयलाई निश्चित समयसीमा, स्पष्ट जिम्मेवारी, मापनयोग्य कार्यसम्पादन सूचक र नियमित अनुगमन प्रणालीमा आबद्ध गर्ने निर्णय गर्दै सरकारले परिणाममुखी शासन प्रणालीलाई आफ्नो मूल कार्यशैली बनाउने घोषणा गर्‍यो।

यो निर्णयको राजनीतिक अर्थ अत्यन्त गहिरो छ। नेपालमा पहिलो पटक सरकारको सफलताको मापन बजेट खर्चको प्रतिशत, उद्घाटन गरिएका योजनाको सङ्ख्या वा प्रचारात्मक कार्यक्रमले होइन, नागरिकले प्राप्त गरेको सेवाको गुणस्तर र समयमै प्राप्त भएको परिणामबाट हुने आधार निर्माण गर्न खोजिएको छ।

### *शासनको केन्द्रमा नागरिक*

लोकतन्त्रको मूल उद्देश्य नागरिकलाई राज्यको मालिक बनाउनु हो। तर विगतका अनुभवले धेरै नागरिकलाई राज्यको सेवाग्राहीभन्दा पनि राज्यको झन्झट बेहोर्ने पात्र बनाएको थियो। एउटा सामान्य नागरिकले नागरिकता बनाउन, राहदानी लिन, सवारीचालक अनुमतिपत्र प्राप्त गर्न वा व्यवसाय दर्ता गर्न अनेकौं कार्यालय धाउनुपर्ने, अनावश्यक कागजात सङ्कलन गर्नुपर्ने, लामो लाइनमा बस्नुपर्ने र कतिपय अवस्थामा बिचौलियाको सहारा लिनुपर्ने अवस्था सामान्य बनेको थियो।

सुशासनको वास्तविक अर्थ नागरिकलाई राज्यको ढोकासम्म धाउन नपर्ने व्यवस्था निर्माण गर्नु हो। यही सोचका साथ सरकारले नागरिक सेवा केन्द्र, फेसलेस सेवा प्रणाली, समयबद्ध सेवा, राष्ट्रिय परिचयपत्रमा आधारित एकीकृत सेवा तथा जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा प्राप्त गर्न सकिने व्यवस्थालाई प्राथमिकता दिएको छ। साथै नागरिक गुनासो व्यवस्थापनका लागि २४ घण्टे बहुच्यानल प्रणाली तथा 'हेलो सरकार' लाई अझ प्रभावकारी बनाउने निर्णय गरिएको छ।

यसले 'सरकार नागरिकका लागि हो' भन्ने लोकतान्त्रिक मूल्यलाई व्यवहारमा उतार्ने प्रयास गरेको छ। नागरिकलाई सेवा लिन बिचौलियाको आवश्यकता नपर्ने, लाइनमा दिनौं कुर्नु नपर्ने र सरकारी कार्यालयप्रति सकारात्मक अनुभव हुने आधार निर्माण गर्नु आफैंमा ठूलो परिवर्तन हो। विगतमा चार वर्षसम्म प्रिन्ट नभएका लाइसेन्स अहिले २४ घण्टाभित्र प्रिन्ट गरी वितरण गरिएको छ।

त्यसैगरी हुलाक सेवाको स्तरोन्नति गरी नागरिकको घरमै पासपोर्ट पुग्ने व्यवस्था गरिएको छ, यो एउटा सकारात्मक कदम हो। सरकारले नागरिकलाई केन्द्रमा राखी सुशासन र डेलिभरीको योजना र कार्यक्रम अघि बढाएको छ।

### *प्रशासनिक सुधारः खर्च घटाउने, क्षमता बढाउने*

सार्वजनिक प्रशासनलाई चुस्त, प्रभावकारी र मितव्ययी बनाउने उद्देश्यले मन्त्रालयको सङ्ख्या घटाउने, दोहोरो संरचना हटाउने, कार्यसम्पादन मूल्याङ्कनलाई परिणामसँग जोड्ने, कर्मचारीको डिजिटल प्रोफाइल तयार गर्ने तथा अनावश्यक प्रक्रिया हटाउने निर्णयहरू गरिएका छन्। सेवा प्रवाहलाई तीन तहभन्दा बढी स्वीकृतिमा नराख्ने र कार्यसम्पादन सूचकका आधारमा कर्मचारी मूल्याङ्कन गर्ने व्यवस्था प्रशासनिक सुधारका महत्त्वपूर्ण कदम हुन्। राज्यको आकारभन्दा राज्यको क्षमता महत्त्वपूर्ण हुन्छ भन्ने मान्यतालाई यी सुधारहरूले बलियो बनाएका छन्।

### *डेलिभरीमा आधारित शासनः नयाँ राजनीतिक संस्कृतिको प्रारम्भ*

नेपालमा धेरै सरकारले नीति ल्याए, योजना बनाए, बजेट घोषणा गरे। तर नागरिकले अनुभूति गर्ने गरी सेवा प्रवाह सुधार गर्ने संस्कृतिको अभाव थियो। यसपटक सरकारले पहिलो प्राथमिकतामै परिणाममुखी शासनलाई राख्यो।

प्रत्येक मन्त्रालयलाई समयसीमासहितका प्रमुख कार्यहरू निर्धारण गर्न, जिम्मेवार अधिकारी तोक्न र प्रगति प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिइयो। यसले सरकारभित्र उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको सुरुवात गरेको छ।

यो प्रशासनिक सुधार मात्र होइन, यो राजनीतिक संस्कृतिको परिवर्तन हो। अब सरकारको सफलता भाषणले होइन, परिणामले मापन हुने आधार तयार भएको छ। रास्वपाले चुनावी वाचापत्रमा पाँच प्राथमिकता राखी नागरिक करार गरेको थियो। एक- सदाचार र असल शासन, दुई- मध्यम वर्गको विस्तार, तीन- काम, काम, काम, चार- कनेक्टिभिटी र पाँच- प्रवासलाई विशेष प्राथमिकतामा राखेको थियो। वाचापत्रदेखि बजेटसम्म आइपुग्दा सरकारले आफ्नो बोली र व्यवहारमा सामञ्जस्य कायम गरेको छ।

सरकार बनेको सय दिनभित्र नै बर्दियाबाट सुकुम्बासीहरूलाई लालपुर्जा वितरणको कार्य प्रारम्भ भएको छ। सहकारी पीडितहरूको बचत फिर्ता गर्न सुरु गरिएको छ। प्रधानमन्त्रीले नेपालस्थित कूटनीतिक नियोगका राजदूतसँगको सामूहिक भेट र संवादले कूटनीतिक परिपक्वता र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको देखिन्छ।

राजदूतदेखि विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा खुला प्रतिस्पर्धाको नीति अख्तियार गरेको छ। मेरिटोक्रेसीको जग बसाल्न 'हाम्रोलाई होइन राम्रोलाई' प्रतिस्पर्धाबाट नियुक्ति गरिँदै छ। यसले सत्ताको र नेताको चाकरी नगरी क्षमता र योग्यता प्रणालीअनुसार नियुक्ति हुन्छ भन्ने जनविश्वास बढ्दै गएको छ।

वर्षौंसम्म थाती रहेका समस्याहरूलाई किनारा लगाउन केही समय त लाग्छ नै, तर सरकारको नीति, नियत र कार्यशैली स्पष्ट छ। सरकारले निराशाबाट आशा र अविश्वासबाट विश्वासको यात्रामा रूपान्तरण गर्दै छ। वर्षौंसम्म अधुरा र अपूरा विकास निर्माणका कार्य तीन वर्षभित्र पूरा गर्ने अठोट गरेको छ। सरकारले बजेटमार्फत थिति बसाल्ने सङ्कल्पका साथ पोलिसीदेखि प्रोग्रामसम्म प्याराडाइम सिफ्टको गति बढाएको छ। यही गतिमा सरकारले काम गर्दै गएमा आगामी पाँच वर्षमा मुलुकले सुशासन र समृद्धिको बलियो आधारशिला निर्माण गर्ने देखिन्छ।

### *डिजिटल नेपालतर्फको निर्णायक पाइला*

२१औं शताब्दीको शासन डिजिटल प्रविधिबिना सम्भव छैन। सरकारले डिजिटल गभर्नेन्सलाई सूचना प्रविधिको विषयका रूपमा मात्र नभई सुशासनको माध्यमका रूपमा लिएको देखिन्छ। 'एक पटक विवरण, सधैंका लागि प्रयोग' स्वतः विवरण भरिने प्रणाली, राष्ट्रिय डिजिटल शासन प्लेटफर्म, डिजिटल हस्ताक्षर, फाइल ट्र्याकिङ प्रणाली, डिजिटल प्रमाणपत्र तथा नागरिक एपमार्फत सरकारी सेवा प्राप्त गर्ने व्यवस्थाजस्ता सुधारहरूले भविष्यको स्मार्ट सरकारको आधार तयार गरेका छन्।

यदि यी सुधारहरू पूर्ण रूपमा कार्यान्वयन भए भने सरकारी कार्यालयको संस्कृति नै परिवर्तन हुनेछ। नागरिकले सरकारलाई कार्यालयमा होइन, आफ्नै मोबाइलमै भेट्ने अवस्था सिर्जना हुनेछ। सरकारी सेवा लिन कार्यालय धाउनुपर्ने र कर्मचारी भेट्नुपर्ने बाध्यता अन्त्य गरी फेसलेस र कागजविहीन प्रशासनको आधारभूत ढाँचा तयार हुँदै छ।

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# के भारोत्तोलनले साँच्चिकै आयु बढाउँछ?

प्रत्येक हप्ता डेढदेखि दुई घण्टासम्म भारोत्तोलनको अभ्यास गर्दा त्यसले अल्पायुमा ज्यान जाने जोखिमलाई उल्लेख्य ढङ्गले कम गर्ने



एउटा नयाँ अनुसन्धानले देखाएको छ।

दशकौँसम्मका अध्ययनबाट सङ्कलन गरिएका तथ्याङ्कले शरीरलाई बलियो बनाउन निरन्तर गरिएका तौलसम्बन्धी व्यायामले मुटुको रोग र मस्तिष्काघातका कारण हुने मृत्युको सम्भावनालाई उल्लेख्य रूपमा घटाउने देखाएको छ।

यसले स्नायुसम्बन्धी रोगहरूका कारण हुने मृत्युलाई पनि कम गर्न सक्ने भनिएको छ।

विज्ञहरूले शरीरलाई मजबुत बनाउन गरिने यी व्यायामहरूले कमजोर स्वास्थ्य अवस्था उत्पन्न हुन नदिने थप प्रमाण देखिएका भन्दै त्यसले दबावमा परेका स्वास्थ्य सेवा प्रदायकहरूलाई सजिलो पार्ने जनाएका छन्।



### *आत्मसम्मानमा वृद्धि र आयु बढ्ने विश्वास*

केट होगार्थ अहिले २८ वर्षकी मात्र भइन् तर आफ्नो जीवनको उत्तरार्द्धमा स्वस्थ रहने उपाय उनले सोच्न थालिसकेकी छन्।

उनी भारोत्तोलन मन पराउँछिन् र त्यसले आफूमा अहिले आत्मविश्वास बढाइरहेको ठान्छिन्। यसले दीर्घकालमा पुऱ्याउने फाइदाबारे पनि उनी जानकार छन्।

"म जीवनको उत्तरार्द्धमा पनि स्वतन्त्र रहन चाहन्छु। कैयौँ अध्ययनहरूले यस्ता व्यायामले तपाईंको कार्डियो भास्कुलर स्वास्थ्य, मांसपेशी, हड्डी र मानसिक स्वास्थ्यमा पुग्ने विभिन्न फाइदाहरू देखाएका छन्।"

उनले आफूलाई ७०, ८० र ९० को दशकको उमेरमा पुग्दा पनि विश्व घुम्ने रहर रहेको भन्दै नातिनातिनालाई बोक्न र उनीहरूसँग खेल्न चाहेको र त्यसका लागि कसैमा पनि निर्भर नहुनुपर्ने अवस्था आफ्ना लागि महत्त्वपूर्ण रहेको बताइन्।

हल्का दौडने, साइकल चलाउने र पौडी खेल्ने जस्ता हिँडडुल र श्वास प्रश्वाससँग जोडिएका 'एरोबिक व्यायाम'ले पुऱ्याउने फाइदाका बारेमा कैयौँ जना जानकार नै छन्।

यूकेको स्वास्थ्य सेवा प्रदायक एनएचएसका अनुसार नियमित एरोबिक गतिविधिले मुटु र रक्तनलीसम्बन्धी रोग, स्ट्रोक र टाइप टु मधुमेहको जोखिम कम गर्ने र तनावलाई घटाउने साथै आत्मसम्मान वृद्धि गर्ने उल्लेख गरेको छ।

तर शरीरलाई बलियो बनाउन गरिने व्यायामहरूले मृत्युको जोखिम कम गर्न खेल्न सक्ने भूमिका प्रस्ट देखिएको थिएन जुन अब बदलिन थालेको छ।

### *नयाँ अध्ययनले के के देखायो?*

ब्रिटिश जर्नल अफ स्पोर्ट्स मेडिसिनमा लेख प्रकाशित गरेका अनुसन्धानकर्ताहरूले ३० वर्षभन्दा बढी समय लगाएर लिइएको १,४७,३७४ जनाको तथ्याङ्कको विश्लेषण गरेका हुन्।

उनीहरूले ९० मिनेटदेखि २ घण्टासम्म प्रत्येक साता तौल उठाएर व्यायाम गर्ने व्यक्तिहरूमा कुनै पनि कारणले अल्पायुमा ज्यान जाने जोखिम १३ प्रतिशतले कम देखिएको उल्लेख गरेका छन्।

उदाहरणका लागि हार्ट अट्याक वा पक्षाघात जस्ता कार्डिओभास्कुलर रोगबाट ज्यान गुमाउनेको सङ्ख्या १९ प्रतिशतले कम पाइएको थियो।

डिमेन्सियाजस्ता स्नायु प्रणालीसम्बन्धी रोगका कारण ज्यान गुमाउने प्रतिशत त अझ धेरै अर्थात् २७ प्रतिशतले कम पाइएको थियो।

अनुसन्धानहरूले उच्च तहका एरोबिक अभ्यास र तौलसम्बन्धी व्यायामहरू गर्ने व्यक्तिमा 'कम जोखिम' देखिएको उल्लेख गरेका छन्।

प्रत्येक हप्ता धेरै घण्टा एरोबिक अभ्यास गर्ने सबैभन्दा सक्रिय मानिसहरूमा कुनै पनि कारणले हुने अल्पायुमा हुने त्यस्तो मृत्यु ५८ प्रतिशतसम्मले कम पाइएको थियो।

तर अनुसन्धानकर्ताहरूले हप्तामा दुई घण्टाभन्दा बढी समयसम्म तौलसम्बन्धी त्यस्तो व्यायाम गर्ने व्यक्तिहरूलाई अतिरिक्त कुनै फाइदा भएको नदेखिएको पनि जनाएका छन्।

### *कस्ता फाइदाहरू देखिन्छन्?*

बेभ विल्सन ह्यारोगेट नर्थयोर्कशरमा व्यक्तिगत तालिमप्रदायकका रूपमा काम गर्छिन्। उनले आफ्नो भूमिकामा तौल उठाएर गरिने कसरतका कैयौँ फाइदा पुऱ्याएको बताइन्।

"जब म मेरा सेवाग्राहीलाई विशेष गरी महिलाहरूलाई तालिम गराउँछु, म देख्छु उनीहरू जोर्नीको दुखाइजस्ता समस्या लिएर वा कम ऊर्जाको समस्या वा मेटाबोलिज्म (शरिरले खाना र पेयलाई शक्तिमा रूपान्तरण गर्ने सामर्थ्य) वा तौल बढ्यो भनिरहेका हुन्छन्। तौलसम्बन्धी व्यायामले त्यसलाई सुधार गर्न, शरीरमा चीनीको मात्रा मिलाउन, हड्डीलाई बलियो बनाउन र जोर्नीको दुखाई कम गर्न भूमिका खेलिरहेको म पाउँछु।"

उनले थपिन्, "उनीहरूले धेरै बलियो, धेरै गतिशील र धेरै ऊर्जावान् महसुस गर्न थाल्छन्।"

उनका अनुसार त्यसले मस्तिष्कको स्वास्थ्यमा पनि सकारात्मक योगदान पुऱ्याउँछ। "धेरै ऊर्जाशील र स्वस्थ महसुस गर्ने मात्र होइन उनीहरूले यसका कारणले संज्ञानात्मक जिम्मेवारीहरूमा पनि सुधार आएको महसुस गर्छन्। उनीहरूले काममा बढी ध्यान दिन पाउँछन् र उनीहरूको स्मरण क्षमतामा पनि सुधार हुन्छ।"

स्पोर्ट्स इङ्ग्ल्यान्डका स्वास्थ्य र तन्दुरुस्ती नीतिका स्ट्रटिजिक लीड टम बर्टनले शारीरिक गतिविधि स्वास्थ्य, सम्पन्न र खुसी समुदायका लागि महत्त्वपूर्ण रहेको बताइन्।

उनी भन्छिन्, "शक्तिमा आधारित शारीरिक गतिविधि एउटा शक्तिशाली माध्यम हो र यसले विशेषगरी स्वस्थ बुढ्यौलीमा सघाउँछ। कमजोर स्वास्थ्य अवस्थालाई पछि धकेल्न र नियन्त्रण गर्न भूमिका खेल्छ। हिँडडुल गर्न र स्वतन्त्र रहन अनि अहिले नै चाप खेपिरहेका स्वास्थ्य र स्याहारसम्बन्धी सेवाहरूको दबाव कम गर्छ।" साभार: बीबीसी/नेपाली

# सुशासन ............

### *भ्रष्टाचार नियन्त्रण: घोषणाबाट प्रणालीतर्फ*

नेपालमा भ्रष्टाचारविरुद्ध धेरै भाषण भए, धेरै आयोग बने, तर प्रणालीगत सुधार सीमित रहे। यसपटक सरकारले सम्पत्ति छानबिन समिति गठन, एकीकृत डिजिटल सम्पत्ति अभिलेख (रजिस्टरी), जोखिममा आधारित निगरानी, राष्ट्रिय सदाचार नीति, सूचनादाता संरक्षण, हितको द्वन्द्व व्यवस्थापन तथा राष्ट्रिय भ्रष्टाचार नियन्त्रण कार्ययोजना लागु गर्ने निर्णय गरेको छ।

विगतमा राज्य संरचनाको दलीय दोहन, प्रक्रियाकेन्द्रित भ्रष्टाचार र लाइसेन्स राज, सामान्य सेवा लिनसमेत बिचौलियाको शरण पर्नुपर्ने बाध्यताको अन्त्य गर्दै सरकारले नीति, आचरण र संस्थागत सुधारका लागि विश्वसनीय, सदाचारी राज्य निर्माण गर्ने दिशा लिएको छ।

### *निजी क्षेत्रसँग विश्वासको सम्बन्ध*

आर्थिक विकास सरकार एक्लैले गर्न सक्दैन। निजी क्षेत्र, लगानीकर्ता र उद्यमीहरूको विश्वास अपरिहार्य हुन्छ। यसै सोचका साथ सरकारले दुई दिनभित्र व्यवसाय दर्ता, निजी क्षेत्र संरक्षण रणनीति, लगानीमैत्री वातावरणजस्ता सुधार अघि बढाएको छ। यसले सरकार निजी क्षेत्रलाई नियमन गर्ने मात्र होइन, सहकार्य गर्ने साझेदारका रूपमा अघि बढ्न चाहन्छ भन्ने सन्देश दिएको छ।

वाचापत्रदेखि बजेटसम्म मध्यमवर्गीय विस्तारलाई महत्त्व दिइएको छ। जसले नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउन औसत आर्थिक वृद्धिदर वार्षिक ७ प्रतिशत कायम गर्दै पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ३ हजार डलर र अर्थतन्त्रको आकारको लक्ष्य सय अर्ब डलर हुने प्रक्षेपण गरिएको छ। यसको कार्यान्वयन गर्न वैकल्पिक विकास वित्त ऐन पारित भइसकेको छ भने विदेशमा बस्ने ( गैरआवासीय) नेपालीमार्फत लगानीको वातावरण सिर्जना गर्न 'सार्वभौम डायस्पोरा फन्ड' को परिकल्पना गरिएको छ।

नयाँ उद्योग र कलकारखानाको विकासमार्फत रोजगारी सिर्जना हुनेछ जसबाट बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना गर्न आईटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमार्फत गर्ने लक्ष्य लिएको छ। यसबाट निजी क्षेत्र अझै चलायमान र गतिशील हुनेछ।

### *शिक्षा, स्वास्थ्य र सामाजिक उत्तरदायित्व*

सरकारले स्वास्थ्य क्षेत्रमा गरिब तथा विपन्न नागरिकका लागि निःशुल्क बेड व्यवस्था, डिजिटल स्वास्थ्य अभिलेख, सरकारी अस्पतालको सेवा अनुगमन, सस्तो औषधि उपलब्ध गराउने 'सुलभ फार्मेसी' विस्तारजस्ता निर्णयहरू गरेको छ। शिक्षा क्षेत्रमा विद्यार्थी सङ्गठनको दलीय प्रभाव न्यूनीकरण, विद्यार्थी परिषद् स्थापना, परीक्षा प्रणाली सुधार तथा नागरिकताबिना स्नातक तहसम्म अध्ययन गर्न सकिने व्यवस्थालाई प्राथमिकता दिएको छ। यी निर्णयहरूले मानव विकासलाई सरकारको केन्द्रमा राख्ने प्रतिबद्धता देखाउँछन्।

१०० दिन कुनै पनि सरकारका लागि सबै परिवर्तन सम्पन्न गर्ने अवधि होइन। यो दिशा देखाउने समय हो। धेरै सुधारहरू अझै कार्यान्वयनको चरणमा छन्। कानुनी संशोधन, प्रशासनिक प्रतिरोध, सीमित स्रोत, सङ्घीय समन्वय र राजनीतिक सहकार्यको चुनौती अझै बाँकी छन्। सरकारले प्रस्तुत गरेको कार्यसूची सफल हुन राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन, पारदर्शी अनुगमन र नागरिक सहभागिता उत्तिकै आवश्यक छ। सुधारको घोषणा मात्र पर्याप्त हुँदैन; परिणाम नागरिकले महसुस गर्नुपर्ने हुन्छ।

### *आशाको प्रारम्भ*

सरकारका १०० दिनलाई पूर्ण सफलता वा असफलताको अन्तिम मापदण्ड मान्न मिल्दैन। तर एउटा कुरा भने स्पष्ट छ, यो सरकारले शासनलाई परिणामसँग जोड्ने, सुशासनलाई प्रशासनिक नाराबाट नागरिकको दैनिक जीवनसँग जोड्ने तथा राज्यप्रतिको विश्वास पुनर्निर्माण गर्ने दिशामा महत्त्वपूर्ण आधार निर्माण गरेको छ।

जनताले सरकारसँग चमत्कार होइन, इमानदार प्रयास खोजिरहेका छन्। उनीहरूलाई भाषणभन्दा सेवा, आश्वासनभन्दा परिणाम र सत्ता परिवर्तनभन्दा शासन परिवर्तन चाहिएको छ। यही अपेक्षालाई सम्बोधन गर्ने साहसिक सुरुवात सरकारले गरेको छ। अबको यात्रा अझ चुनौतीपूर्ण हुनेछ। सुधारलाई संस्थागत गर्न, कानुनलाई व्यवहारमा उतार्न, प्रशासनलाई उत्तरदायी बनाउन र नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउन सके मात्र यो १०० दिने यात्रा इतिहासमा सफल शासन सुधारको प्रारम्भका रूपमा दर्ज हुनेछ।

### *सुशासनको मानक*

नागरिकले सम्मानका साथ समयमै सेवा पाउनु, राज्यप्रति विश्वास बढ्नु, लगानीकर्ता ढुक्क हुनु, कर्मचारी उत्तरदायी हुनु र सरकारले बोलेको कुरा समयमा पूरा गर्नु हो। यही संस्कृतिको निर्माण नै आजको नेपालको सबैभन्दा ठूलो राजनीतिक आवश्यकता हो। यदि यो यात्रा निरन्तर अगाडि बढ्यो भने सरकारका पहिलो १०० दिन नेपाल निर्माणको आधारशिला बन्नेछन्।

देश बनाउँछु भन्दै उदाएका, तर सत्तामा पुगेपछि बिग्रेका दलहरूको लामै इतिहास छ। त्यसबाट रास्वपाको नेतृत्वको सरकारले शिक्षा लिँदै सरकार, संसद् र पार्टीभित्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिई सुसंस्कृत राजनीतिक अभ्यास अवलम्बन गर्न ढिलाइ गर्नुहुँदैन। इतिहासमा विरलै प्राप्त झन्डै दुईतिहाइको जनादेश पाएको सरकारले जनभावना बुझी जनअपेक्षा पूरा गर्ने दिशामा सरकार अघि बढोस्, सय दिनको शुभकामना।

*(लेखक प्रतिनिधिसभा सदस्य (सांसद) एवं राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य हुन्।)*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मिडिया सुधारमा सरकार तयार : सञ्चारमन्त्री

दैनिक समाचारदाता

काठमाडौं, २१ साउन । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले नेपाली सञ्चारमाध्यमको संरचनागत सुधारका लागि सरकार तयार रहेको बताउँदै नेपाल पत्रकार महासंघसहित सरोकारवाला निकायलाई स्पष्ट कार्ययोजनासहित छलफलमा आउन आग्रह गरेका छन्।

नेपाल पत्रकार महासंघको राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई आइतबार सम्बोधन गर्दै मन्त्री तिमिल्सिनाले नेपाली सञ्चार क्षेत्रलाई जिम्मेवार, व्यावसायिक र सुदृढ बनाउन सरकार आवश्यक सहयोग गर्न तयार रहेको बताए। उनले पत्रकारहरूलाई पनि जिम्मेवारीबोधका साथ तथ्यपरक र सन्तुलित समाचार सम्प्रेषण गर्न आग्रह गरे।

उनले भने, “कुनै राजनीतिक उद्देश्य नराखी नेपाली सञ्चार क्षेत्रको सुधार गर्ने हो भने दुई वर्षभित्र संरचनागत परिवर्तन सम्भव छ। त्यसका लागि महासंघलगायत सरोकारवाला संस्थाले गृहकार्य गर्नुपर्छ, सरकारले आवश्यक सहयोग गर्नेछ।”

सरकारको सूचना संकुचन गर्ने कुनै नीति नरहेको स्पष्ट पार्दै उनले समस्या पहिचान गरी समाधानतर्फ अग्रसर हुनुपर्नेमा




जोड दिए।

मन्त्री तिमिल्सिनाले सञ्चारमाध्यम आर्थिक र संस्थागत रूपमा सबल नभएसम्म पत्रकार तथा सञ्चारकर्मी पनि सुदृढ हुन नसक्ने उल्लेख गर्दै सरकारले सञ्चार संस्थालाई बलियो बनाउने दिशामा काम गरिरहेको बताए।

सरकारका कतिपय निर्णयसँग सम्बन्धित संवेदनशील सूचनाहरू सार्वजनिक नगर्दा नै देश र जनताको हित हुने अवस्था आउन सक्ने उल्लेख गर्दै उनले कुन सूचना सार्वजनिक गर्ने र कुन नगर्ने भन्ने व्यवस्था संविधानमै रहेको स्पष्ट पारे।

प्रकाशित समाचार हटाउने कार्य कानुनसम्मत नहुने उल्लेख गर्दै उनले पोस्ट हटाउनुभन्दा समाचार प्रकाशनअघि नै सन्तुलित, तथ्यपरक र परिपक्व पत्रकारितामा ध्यान दिन आग्रह गरे। सरकार मिडियामाथि कुनै गलत नीति थोपर्ने पक्षमा नरहेको तर पत्रकारितामा देखिएका विकृति सुधार आवश्यक रहेको उनको भनाइ थियो।

प्रेस स्वतन्त्रताको नाममा स्वच्छन्दता स्वीकार्य नहुने भन्दै मन्त्री तिमिल्सिनाले पत्रकारलाई जिम्मेवार भएर कलम चलाउन आग्रह गरे।

सरकारी विज्ञापन नीतिबारे उठेका प्रश्नको जवाफ दिँदै उनले विगतमा ६० देखि ६५ प्रतिशत सरकारी विज्ञापन विचौलियामार्फत खर्च हुने गरेको दाबी गर्दै अहिले ५ देखि ६ अर्ब रुपैयाँ सरकारी स्रोतको सदुपयोग गर्ने उद्देश्यले नीति ल्याइएको बताए। कसैमाथि विभेद गर्ने सरकारको कुनै मनसाय नरहेको उनको भनाइ थियो।

पत्रकार महासंघले आन्दोलनमार्फत अधिकार मात्र माग्नुभन्दा पत्रकारलाई ‘के समाचार हो र के होइन’ भन्ने विषयमा प्रशिक्षण सञ्चालन गर्नुपर्ने सुझाव पनि उनले दिए। प्रेस क्षेत्रमा राजनीतिक प्रभाव कम भई निष्पक्ष र जिम्मेवार पत्रकारिताको विकास हुनुपर्नेमा उनले जोड दिए।

सरकारी सञ्चारमाध्यममा कानुनी आधारबिनै राजनीतिक नियुक्ति गरिँदा ती संस्थाहरू आर्थिक रूपमा कमजोर बनेको उल्लेख गर्दै उनले त्यसको व्यवस्थापनमा सरकार जुटिरहेको जानकारी दिए।

लोकतन्त्रको आधार नै प्रेस स्वतन्त्रता भएको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रतालाई कमजोर बनाउने कुनै काम नगर्ने स्पष्ट पारे। “पूर्ण प्रेस स्वतन्त्रता संवैधानिक अधिकार हो। सरकारले यसलाई अझ सुदृढ बनाउने गरी काम गर्नेछ,” उनले भने।

कार्यक्रममा नेपाल पत्रकार महासंघका सल्लाहकार तथा पूर्वअध्यक्ष हरिहर विरहीले नेपालको हरेक राजनीतिक परिवर्तनमा प्रेस जगतको महत्वपूर्ण भूमिका रहेको स्मरण गराउँदै प्रेस स्वतन्त्रता संकुचित हुने कुनै पनि कदम नचाल्न सरकारलाई आग्रह गरे। समस्या समाधानका लागि संवाद र सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

महासंघकी अध्यक्ष निर्मला शर्माले पछिल्लो सरकारी विज्ञापन नीति विभेदकारी रहेको भन्दै त्यसलाई सच्याउन सरकारसँग माग गरिन्। उनले न्यूनतम पारिश्रमिक निर्धारण समिति खारेज गरेर सरकारले श्रमजीवी पत्रकारको हितविपरीत काम गरेको आरोपसमेत लगाइन्।

कार्यक्रममा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डे, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरी, मधेसी पत्रकार संघका अध्यक्ष मोहनकुमार सिंह, महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यलगायतले पनि आ(आफ्नो धारणा राखेका थिए। सम्मेलनमा देशभरबाट प्रतिनिधिमूलक पत्रकारहरूको सहभागिता रहेको छ।

## सरकारको....

राजनीतिक स्थायित्वका क्षेत्रमा अझै पनि गम्भीर चुनौती कायम रहेको यादवको विश्लेषण छ।

उनले राजनीतिक दलहरूमा वैचारिक स्पष्टता, सिद्धान्तप्रतिको प्रतिबद्धता र राजनीतिक उत्तरदायित्व कमजोर बन्दै गएको उल्लेख गर्दै नेपालको संस्थागत कमजोरीलाई वर्तमानको प्रमुख चुनौतीका रूपमा औँल्याएका छन्। त्यसका बाबजुद सुशासन, समावेशी विकास, समानता, सामाजिक न्याय, प्रगति र समृद्धितर्फ दिगो रूपान्तरण सम्भव रहेको विश्वास पनि उनले व्यक्त गरेका छन्। यादवले विगतका विभेद, असमानता र अन्यायको अन्त्य गर्दै समावेशी लोकतन्त्र, समान अवसर, सामाजिक न्याय तथा सहभागितामूलक विकासलाई सुदृढ बनाउनु आजको प्रमुख राष्ट्रिय आवश्यकता भएको बताएका छन्। मधेसी, आदिवासी/जनजाति, दलित, महिला, थारू, मुस्लिम, अन्य पिछडा वर्ग (ओबीसी), अल्पसंख्यक तथा सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि पारिएका समुदायको सम्मानजनक सहभागिता, अधिकार र सशक्तीकरण सुनिश्चित गर्न सके मात्र नेपालको लोकतन्त्र थप सुदृढ, न्यायपूर्ण र समृद्ध बन्न सक्ने उनको धारणा छ।

# कृषि यन्त्रीकरणमा ८२ लाख लगानी



तनहुँ, २१ साउन। तनहुँको शुक्लागण्डकी नगरपालिकाले कृषि उत्पादन लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने लक्ष्यसहित ८२ लाख रुपैयाँको कृषि यन्त्रीकरण कार्यक्रम सञ्चालन गरेको छ।

नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएको विशेष अनुदानअन्तर्गत नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषक, कृषक समूह तथा कृषि फर्मलाई आधुनिक कृषि उपकरण उपलब्ध गराउन लागेको हो।

नगरपालिकाका अनुसार ८२ लाख रुपैयाँको लागतमा खरिद गरिएका उपकरण आइतबार नगरपालिकाको कार्यालयमा आइपुगेका छन्। माग गरेका सबै योग्य कृषक तथा कृषि उद्यमीलाई समेट्ने गरी खरिद गरिएका १४० वटा विभिन्न प्रकारका आधुनिक कृषि उपकरण चाँडै हस्तान्तरण गरिने तयारी गरिएको छ।

कृषि प्रविधिमा किसानको पहुँच विस्तार गर्दै नगरपालिकाको कृषि बजेटको प्रभावकारी उपयोग गर्ने उद्देश्यले यो साझेदारी कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।

नगर प्रमुख कृष्णराज पण्डितले कृषिमा बढ्दो श्रम अभाव र उत्पादन लागत वृद्धि भइरहेका बेला कृषि यन्त्रीकरणलाई प्राथमिकतामा राखिएको बताए। उनका अनुसार आधुनिक उपकरणको प्रयोगबाट जोताइँ, गोडमेल, प्रशोधनलगायत कृषि कार्यमा लाग्ने समय र खर्च उल्लेख्य रूपमा घट्नेछ भने उत्पादकत्वसमेत बढ्ने अपेक्षा गरिएको छ।

स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने तथा युवा पुस्तालाई कृषि उद्यमतर्फ आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको पनि नगर प्रमुख पण्डितले स्पष्ट पारे।

### *गाउँमै प्राविधिक तयार पार्ने अभियान*

कृषिमा यन्त्रीकरण बढेसँगै उपकरण बिग्रिँदा मर्मत गर्ने प्राविधिकको अभावले किसानले सास्ती खेप्दै आएका छन्। यही समस्यालाई समाधान गर्न नगरपालिकाले गाउँमै दक्ष प्राविधिक तयार गर्ने अभियान पनि अघि बढाएको छ।

नगरपालिकाले पछिल्ला चार आर्थिक वर्षमा ३८९ जना किसानलाई हाते ट्र्याक्टर (मिनिटिलर) तथा ३९ जनालाई कुटानी-पिसानी मेसिन वितरण गरिसकेको छ।

वितरण गरिएका उपकरणको दिगोपन सुनिश्चित गर्न हालै नगरका १२ वटै वडाका २६ जना युवालाई व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखराको समन्वयमा १५ दिने कृषि उपकरण मर्मत तालिम प्रदान गरिएको नगरपालिकाले जनाएको छ।

नगर प्रमुख पण्डितका अनुसार किसानले मेसिन बिग्रिँदा दमौली वा पोखरा पुग्नुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले युवालाई स्वरोजगारमूलक सीप प्रदान गरिएको हो। यसबाट नयाँ वितरण गरिने उपकरणको मर्मतसम्भारमा पनि सहजता आउने विश्वास गरिएको छ।

कृषि विकास शाखाका प्रमुख दीपक उपाध्यायले गाउँगाउँमै दक्ष प्राविधिक उपलब्ध हुँदा कृषि यन्त्रीकरणलाई दिगो र प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे।

# १२ लाखको अवैध कपडा बरामद

दैनिक समाचारदाता

रौतहट, २१ साउन । रौतहटमा सशस्त्र प्रहरी बलले भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेको करिब १२ लाख रुपैयाँ बराबरको भारतीय कपडा तथा तीनवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण मुख्यालय रौतहटबाट खटिएको मोबाइल गस्ती टोलीले शनिबार माधवनारायण नगरपालिका-१, दिपही क्षेत्रमा गस्ती गर्ने क्रममा अवैध रूपमा ल्याइँदै गरेको कपडा बरामद गरेको हो।

सशस्त्र प्रहरीका अनुसार बीआर ०५ यू ३३७१, बीआर ०५ ए ८६६६ र बीआर ०५ ई ३५६४ नम्बरका भारतीय मोटरसाइकलमा लोड गरी ल्याइँदै गरिएको विभिन्न प्रकारका कपडाको अनुमानित मूल्य ११ लाख ९२ हजार ५७० रुपैयाँ



रहेको छ।

सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी रामहरि अधिकारीका अनुसार गस्ती टोलीलाई देख्नासाथ सामान बोकेका व्यक्तिहरू मोटरसाइकल छाडेर फरार भएका थिए।


बरामद गरिएका कपडा र मोटरसाइकल आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको उनले जानकारी दिए।

सुरक्षा निकायका अनुसार भारतसँग जोडिएका सीमावर्ती नाकामा निगरानी कडा बनाएपछि तस्करहरूले वैकल्पिक बाटो प्रयोग गर्दै नरकटिया-बन्कुल नाका हुँदै भन्सार छली गरी सामान भित्र्याउने प्रयास गरेको हुन सक्ने अनुमान गरिएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४